# जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुर

१३९. **जिन्सी दाखिला** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १२०(१) बमोजिम हस्तान्तरण वा सहायताबाट प्राप्त सामानको मूल्य खुलाई ७ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम पश्चिम तराई गरिबी निवारण परियोजनाबाट हस्तान्तरण भई आएका सामानहरुको जिन्सी दाखिला गरेको छैन ।

१४०. **विनियोजन भन्दा बढी खर्च** – जिल्ला विकास समिति कोषको विभिन्न १३ शीर्षकमा रु.४१ लाख १५ हजार विनियोजन भएकोमा रु.५३ लाख ३८ हजार खर्च गरी रु.१२ लाख २३ हजार वार्षिक विनियोजन भन्दा बढी खर्च गरेकोमा जिल्ला परिषद्बाट खर्च अनुमोदन गराएको छैन ।

१४१. **बढी भुक्तानी** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४०(२)(क) बमोजिम १० प्रतिशत भन्दा बढी थपघट गर्नुपरेमा प्राविधिक पुष्ट्याई गरी सचिवको सिफारिस सहित जिल्ला विकास समितिबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले अञ्चल प्रशासन कार्यालय बसेको जनप्रतिनिधि निवास भवन कम्पाउण्डवाल निर्माण बापत एक निर्माण सेवालाई रु.२ लाख १५ हजार (मूल्य अभिवृद्धि कर बाहेक) को कवोल अङ्कमा रु.२ लाख ६० हजार भुक्तानी गरेकोमा प्राविधिक पुष्ट्याई गरी जिल्ला विकास समितिबाट स्वीकृत गरेको छैन ।

१४२. **पेश्की कट्टी नगरेको** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ७०.२(ञ) बमोजिम उपभोक्ता समितिले प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्चलाई प्रमाणित गर्ने कागजात उपभोक्ता समितिबाट अनुमोदन गराई पेश्की फछ्र्यौटका लागि पेश गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले एक गाउं विकास समितिको सामुदायिक भवन निर्माणको अन्तिम किस्ता भुक्तानी दिँदा रु.५० हजार पेश्की कट्टी नगरी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

- **स्थानीय विकास कोष –**

१४३. **निष्क्रिय** – पश्चिम तराई गरिबी निवारण परियोजनाले ऋणपूँजी रकम रु.१ करोड ८ लाख ४० हजार हस्तान्तरण गरेकोमध्ये यो वर्ष रु.९ लाख ८६ हजार परिचालन भएको छ । यसरी न्यूनतम रकम परिचालन गर्नाले कार्यक्रमको उद्देश्य पूरा हुने देखिँदैन ।